७. **नेपाल इञ्जिनियरिङ्ग, सिभिल, हाइवे :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेसन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट वा म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इञ्जिनियरिङ्ग एण्ड म्यानजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन वा ब्रिज इञ्जिनियरिङ्ग वा इनभारोन्मेन्टल इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।
८. **नेपाल इञ्जिनियरिङ्ग, सिभिल, स्यानिटरी :**मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त ।
९. **नेपाल इञ्जिनियरिङ्ग, सिभिल, इरिगेशन :**मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स डेभलपमेण्ट वा हाइड्रोलोजी वा वाटर युज मेनेजमेन्ट वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा हाइड्रोलोजिकल इञ्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा वाटर इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्स वा हाइड्रोलिक इञ्जिनियरिङ्ग ट्रपिकल वाटर म्यानेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इञ्जिनियरिङ्ग वा कन्सट्रक्सन म्यानेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इञ्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस म्यानेजमेन्ट वा इञ्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा नेचुरल रिसोर्स म्यानेजमेन्ट वा हाइड्रोलिक इञ्जिरियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त ।
१०. **नेपाल इञ्जिनियरिङ्ग सेवा, मेटेरियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी वा इन्टिग्रेटेड स्याप एण्ड जियोइन्फरमेशन प्रोडक्सन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।
११. **नेपाल कृषि सेवा, बालीसंरक्षण (प्लान्ट प्रोटेक्सन) समूह :** राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बालीसंरक्षण विषयमा स्नातकोत्तर तह (एम एस्सी एग् वा सो सरह) उत्तीर्ण ।
१२. **नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन :** मान्यत प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर तह उपाधि प्राप्त ।

## स्वास्थ्य सेवाको एघारौं र नवौं तहका आ.प्र., खुला/समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम योग्यता

### *(क) आ.प्र.को लागि*

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन, मेडिसिन, जनरल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।
२. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
३. **प्रमुख कन्सल्टेण्ट कार्डियोलोजिष्ट, मेडिसिन, कार्डियोलोजी:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
४. **प्रमुख कन्सल्टेण्ट फरेन्सिक मेडिसिन अधिकृत, स्वास्थ्य मेडिसिन, फरेन्सिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी फरेन्सिक मेडिसिनमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।
५. **प्रमुख कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रोइन्टेरोलोजिष्ट, सर्जरी, ग्यास्ट्रोइन्टोरोलोजिकल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजिमा स्नातकोत्तर वा ग्याष्ट्रो इन्टेरोलोजिमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

६. **प्रमुख कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्युरो सर्जरीमा डिप्लोमा वा सो सरह ।

७. **प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, सर्जरी, अर्थोपेडिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि अर्थोपेडिक सर्जरीमा डिप्लोमा वा सो सरह ।

८. **प्रमुख कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि पेडियाट्रीक सर्जरीमा डिप्लोमा वा सो सरह ।

९. **प्रमुख कन्सल्टेण्ट रेडियोलोजिष्ट, रेडियोलोजी, रेडियो डाइग्नोसिस :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१०. **प्रमुख कन्सल्टेण्ट डर्माटोलोजिष्ट, डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह ।

११. **प्रमुख कन्सल्टेण्ट साइक्याट्रिष्ट, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१२. **प्रमुख कन्सल्टेण्ट पेडियाट्रिसियन, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह ।

१३. **प्रमुख कन्सल्टेण्ट इ.एन.टी. सर्जन, अटोरिनोल्यारिङ्गोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह ।

१४. **प्रमुख कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, एनेस्थेसियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह ।

१५. **प्रमुख कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरहको उपाधि प्राप्त ।

१६. **निर्देशक/प्रमुख जनस्वास्थ्य प्रशासक, पब्लिक हेल्थ एडमिनिष्ट्रेसन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयम **स्नातकोत्तर वा** पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरहको उपाधि प्राप्त ।

१७. **प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट, जनरल हेल्थ सर्भिसेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त ।

१८. **प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१९. **प्रमुख कन्सल्टेण्ट माइक्रोबायोजिष्ट, प्याथोलोजी, माइक्रोबायोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि माइक्रोबायोलोजीमा डिप्लोमा वा सो सरहको उपाधि प्राप्त ।

२०. **प्रमुख अस्पताल नर्सिङ प्रशासक, जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातकोपाधि प्राप्त ।

२१. **प्रमुख कन्सल्टेण्ट डेण्टल सर्जन, डेन्टिष्ट्री, जनरल डेण्टिष्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उतीर्ण गरी वा एम.डि.एस्सी. वा एम.डि.एस. उपाधि प्राप्त ।

२२. **प्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, मे.ल्या.टे., ज.मे.ल्या.टे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त ।

२३. **प्रमुख जनस्वास्थ्य प्रशासक, हेल्थ इन्स्पेक्सन:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त ।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त **वा** इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त **वा** इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि न्यूरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

४. **कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन), मेडिसिन, ट्रपिकल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ट्रपिकल मेडिसिनमा स्नातकोत्तर वा ट्रपिकल मेडिसिनमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

५. **कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), मेडिसिन, चेष्ट डिजिजेज:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी चेष्ट डिजिजेजमा स्नातकोत्तर वा चेष्ट डिजिजेजमा डिप्लोमा वा सो सरह ।

६. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट, मेडिसिन, ग्याष्ट्रो इन्टेरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजिमा स्नातकोत्तर वा ग्याष्ट्रो इन्टेरोलोजिमा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह ।

७. **कन्सल्टेण्ट फरेन्सिक मेडिसिन अधिकृत, स्वास्थ्य मेडिसिन, फरेन्सिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी फरेन्सिक मेडिसिनमा स्नातकोत्तर वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह ।

८. **कन्सल्टेण्ट पल्मोनोलोजिष्ट, मेडिसिन, पल्मोनोलोजी:** इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा डि.एम. वा पल्मोनोलोजी विषयमा स्नातकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा कम्तिमा एक बर्ष निरन्तर फेलोसिप गरी नेपाल मेडिकल काउन्सिलमा पल्मोनोलोजी विष्यामा विशेषज्ञ दर्ता भएको र डि.एम. को हकमा कम्तिमा दुई बर्ष, स्नातकोत्तरको फेलोसिपको हकमा चार बर्षको पल्मोनोलोजीमा काम गरेको कार्य अनुभव भएको ।

९. **कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, सर्जरी, कार्डियोथोरासिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि कार्डियोथोरासिक सर्जरीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१०. **कन्सल्टेण्ट यूरो सर्जन, सर्जरी, यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि यूरो सर्जरीमा डिप्लोमा वा सो सरह ।

११. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन, सर्जरी, ग्याष्ट्रो इन्टेरोलोजिकल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजी सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजीकलमा डिप्लोमा वा सो सरह ।

१२. **कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरी:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी वर्न तथा प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल प्लाष्टिक सर्जरीमा डिप्लोमा वा सो सरह ।

१३. **कन्सल्टेण्ट न्यूरो सर्जन, सर्जरी, न्यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह ।

१४. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, सर्जरी, पेडियाट्रिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि पेडियाट्रिक सर्जरीमा डिप्लोमा वा सो सरह ।

१५. **कन्सल्टेण्ट किडनी ट्रान्सप्लान्ट सर्जन, सर्जरी, किडनी ट्रान्सप्लान्ट सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट किडनी ट्रान्सप्लान्ट सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा एम.एस. जनरल सर्जरी उत्तीर्ण गरी ट्रान्सप्लान्ट सर्जरीमा कम्तिमा ५ (पाँच) वर्षको अनुभव प्राप्त ।

१६. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी, लेप्रोलोजी र भेनरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१७. **कन्सल्टेण्ट साइक्याट्रिष्ट, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी साइक्याट्रिमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१८. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, पेडियाट्रिक्स, निओनेटोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१९. **कन्सल्टेण्ट इ.एन.टि. सर्जन, अटोरिनोल्यारिङ्गोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

२०. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह उपाधि प्राप्त ।

२१. **कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, प्याथोलोजी, माइक्रोबायोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि माइक्रोबायोलोजीमा डिप्लोमा वा सो सरह उपाधि प्राप्त ।

२२. **कन्सल्टेण्ट हेमाटोलोजिष्ट, प्याथोलोजी, हेमाटोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी हेमाटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि हेमाटोलोजीमा डिप्लोमा वा सो सरहको उपाधि प्राप्त ।

२३. **कन्सल्टेण्ट बायोकेमिष्ट, प्याथोलोजी, बायोकेमेष्ट्रि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी बायोकेमेष्ट्रिमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि बायोकेमेष्ट्रिमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरहको उपाधि प्राप्त ।

२४. **कन्सल्टेण्ट डेण्टल सर्जन, डेन्टिष्ट्री, जनरल डेण्टल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस्सी. वा एम.डी.एस. उपाधि प्राप्त ।

२५. **कन्सल्टेण्ट इण्डिोडोण्टिष्ट, डेन्टिष्ट्री, इण्डिोडोण्टिष्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस. (Endodontics) उपाधि प्राप्त ।

२६. **कन्सल्टेण्ट ओरल एण्ड मेक्जिलो फेसियल सर्जन, डेन्टिष्ट्री, ओरल एण्ड मेक्जिलो फेसियल सर्जरी :** ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सिलमा ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र चार वर्षको ओरल तथा मेक्जिलो फेसियल सर्जरीमा काम गरेको कार्य अनुभव भएको ।

२७. **कन्सल्टेण्ट शालाक्य चिकित्सक, आयुर्वेद, शालाक्य** मान्यता प्राप्त शिक्षण संस्थाबाट शालाक्य तन्त्रमा स्नातकोत्तर उपाधि प्राप्त ।

२८. **उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, मे.ल्या.टे., ज.मे.ल्या.टे.** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त ।

२९. **औषधि व्यवस्थापक, फार्मेसी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातक उपाधि प्राप्त ।

३०. **उपप्रमुख फिजियोथेरापिष्ट, स्वास्थ्य फिजियोथेरापी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापीमा स्नातक तह उत्तीर्ण ।

## *(ख) खुला तथा समावेशीको लागि*

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **प्रमुख कन्सल्टेण्ट जनरल फिजिसियन, मेडिसिन, जनरल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **प्रमुख कन्सल्टेण्ट न्यूरोलोजिष्ट, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **प्रमुख कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

५. **प्रमुख कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वर्न तथा प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

६. **प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट, जनरल हेल्थ सर्भिसेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

७. **प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

८. **प्रमुख अस्पताल नर्सिङ प्रशासक, जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातकोपाधि प्राप्त ।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजी मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन), मेडिसिन, ट्रपिकल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ट्रपिकल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

५. **कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), मेडिसिन, चेष्ट डिजिजेजः** मान्यता प्राप्त शिक्षण संस्थाबाट चेष्ट मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

६. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट, मेडिसिन, ग्याष्ट्रो इन्टेरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ग्याष्ट्रो इन्टेरोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त ।

७. **कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, सर्जरी, कार्डियोथोरासिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

८. **कन्सल्टेण्ट यूरो सर्जन, सर्जरी, यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

९. **कन्सल्टेण्ट न्यूरो सर्जन, सर्जरी, न्यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१०. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, सर्जरी, पेडियाट्रिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

११. **कन्सल्टेण्ट रेडियोलोजिष्ट, रेडियोलोजी, रेडियो डाइग्नोसिस :** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१२. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

१३. **कन्सल्टेण्ट साइक्याट्रिष्ट, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१४. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, पेडियाट्रिक्स, निओनेटोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१५. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, एनेस्थेसियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१६. **उपस्वास्थ्य प्रशासक, पब्लिक हेल्थ एडमिनिष्ट्रेसन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

१७. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस.. वा सो सरहको उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१८. **प्रमुख अस्पताल नर्सिङ प्रशासक, जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातकोपाधि प्राप्त ।

१९. **कम्युनिटि नर्सिङ प्रशासक, कम्युनिटि नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पब्लिक हेल्थ (कम्युनिटी हेल्थ) नर्सिङ विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

२०. **कन्सल्टेण्ट डेण्टल सर्जन, डेन्टिष्ट्री, जनरल डेण्टल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस्सी. वा एम.डी.एस. उपाधि प्राप्त ।

२१. **कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक, आयुर्वेद, कौमारभृत्य :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बाल रोग वा कौमारभृत्यमा स्नातकोत्तर उपाधि प्राप्त ।

२२. **स्वास्थ्य शिक्षा प्रशिक्षण प्रशासक, हेल्थ एजुकेशन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातकोत्तर उपाधि प्राप्त ।

२३. **उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, मे.ल्या.टे., ज.मे.ल्या.टे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२४. **उपप्रमुख माइक्रोबायोलोजिष्ट, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२५. **जनस्वास्थ्य प्रशासक/प्रमुख पोषण अधिकृत, हेल्थ इन्स्पेक्सन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोडर्न मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उमेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(घ) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

### आ) खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।
- (१) निजामती तथा अन्य सरकारी निकाय,
- (२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था,
- (३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
- (४) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय (Statutory organization/Agency),
- (५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,
- (६) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,
- (७) विश्वविद्यालयको आंगिक क्याम्पस,
- (८) सामुदायिक विद्यालय,
- (९) लोक सेवा आयोगले मान्यता प्रदान गरी सूचीकृत गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संगठित संस्था ।

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको अन्य निकायको अनुभवको सम्बन्धमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवा शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत आवश्यक पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव सम्बन्धमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक (Part Time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(झ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ञ) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र दरखास्त पेश गर्दाको वखत अनिवार्य रुपमा उम्मेदवारसँग हुनु पर्नेछ ।

(ट) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

## द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**Website:- www.psc.gov.np**